कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ३१०८३
दर्ता मिति २०८३।१।२५

# समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३

**प्रस्तावना** : समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, अर्थ मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ मा संशोधन** : समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा ४ को उपदफा (३) झिकिएको छ।

३. **मूल कार्यविधिको दफा ७ मा संशोधन** : मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) दफा ४ को उपदफा (५), (६) र (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित प्रदेश सरकारको मन्त्रिपरिषद्को निर्णय वा सम्बन्धित कार्यपालिकाको निर्णय संलग्न गर्न छुट भएको हकमा विद्युतीय प्रणालीमा प्रस्ताव भएकै क्रमागत तथा नयाँ आयोजना वा कार्यक्रमको विवरण समेटी आर्थिक वर्ष २०८३/८४ का लागि मिति २०८३ वैशाख बीस गतेसम्म प्रदेशको हकमा सम्बन्धित प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णय, स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय र अनुसूची-२ बमोजिमको शर्त पूरा भएको प्रमाणित गर्ने फाराम योजना आयोग समक्ष पेश गरेमा समितिले यथार्थ विवरण खुलाई आयोजना वा कार्यक्रम योजना आयोग समक्ष सिफारिस गर्नेछ।"

(२) उपदफा (४) मा रहेका "चैत्र पन्ध्र गतेभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख पच्चीस गतेभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (५) मा रहेका "वैशाख बीस गतेभित्र" भन्ने शब्दहरुको सट्टा "वैशाख मसान्तभित्र" भन्ने शब्दहरु राखिएका छन्।

४. **खारेज** : मूल कार्यविधिको दफा १९ र २० खारेज गरिएका छन्।

५. **मूल कार्यविधिको अनुसूचीमा संशोधन** : मूल कार्यविधिको अनुसूची-२ को शिर्षकमा रहेका "दफा ४ को उपदफा (७) को खण्ड (ग)" भन्ने शब्दहरुको सट्टा "दफा ४ को उपदफा (७) को खण्ड (घ) तथा उपदफा (८क) र दफा ७ को उपदफा (२क) र (६)" भन्ने शब्दहरु राखिएका छन्।

सचिव